AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# वयश्क शिक्षा

सजिलोसँग पढ्ने

## अष्ट्रेलियामा वयस्कहरूको लागि शिक्षा



अष्ट्रेलियामा मानिसहरूले आफ्नो सम्पूर्ण जीवनमा केहि कुरा सिकिरहेको हुन्छ।



तपाई वयस्क हुँदा पनि, तपाई:

- अध्ययन जारी राख्न सक्नुहुन्छ
- सिक्न सक्नुहुन्छ
- पहिलो पटक स्कूलमा जान सक्नुहुन्छ



अंग्रेजी बोल्न, पढ्न र लेख्न सिक्न महत्त्वपूर्ण छ।



यसले तपाईंलाई सहयोग गर्नेछ:

- अष्ट्रेलियाको जीवनमा भाग लिन



- अष्ट्रेलियामा तपाईंको जीवनको बारेमा राम्रो महसुस गराउन



- काम खोज्न



- तपाईंलाई अझ राम्रो अवसर दिन

## अंग्रेजी सिक्दा



सरकारले तपाईंलाई वयस्क प्रवासी अंग्रेजी कार्यक्रम (Adult Migrant English Program - AMEP) मार्फत अंग्रेजी सिक्न मद्दत गर्दछ।



यसमा कुनै पनि पैसा खर्च लाग्दैन।





तपाईं ५१० घण्टा सम्म अंग्रेजी पढ्न सक्नुहुन्छ।




तपाईंले अष्ट्रेलियामा पहिलो ६ महिनामा AMEP को लागि दर्ता गर्न आवश्यक छ।



तपाईं कक्षामा गएको बेला तपाईंको बच्चाहरूको हेरचाह गर्न तपाईंले निःशुल्क बाल हेरचाह प्रयोग गर्न सक्नुहुन्छ।



AMEP मा भाग लिने विभिन्न तरिकाहरू छन् यदि तपाईं:

- काम गर्न आवश्यक छ



- तपाईंको परिवारको हेरचाह गर्नु पर्छ



तपाईं यस्तो पनि गर्न सक्नुहुनेछ:

- घरबाट अध्ययन गर्न



- तपाईंको घरमा आएर पढाउने र मद्दत गर्ने ट्यूटर पाउन



- पार्ट-टाइम कक्षाहरुमा जान



- कार्यलय समय पछि कक्षाहरूमा जान




शिक्षा र प्रशिक्षण विभाग (Department of Education and Training) को वेबसाईटमा AMEP को बारेमा थप जानकारी पाउन सक्नुहुन्छ।
[www.education.gov.au/amep](www.education.gov.au/amep)

# अन्य अध्ययन



जो पढ्न र सिक्न जारी राख्न चाहने वयस्कहरूको लागि धेरै विकल्प छन्।

अध्ययन गर्ने ब्यक्तिहरूलाई विद्यार्थी भनिन्छ।




तपाईं सरकार बाट अध्ययनको खर्च तिर्नको लागि मद्दत प्राप्त गर्न सक्नुहुनेछ।



यो तपाईंको परिस्थितिमा निर्भर हुनेछ:

- तपाईंको आय – तपाईं काम गरेर कत्तिको पैसा कमाउनुहुन्छ





- तपाईंको सम्पत्तिहरू – तपाईंसँग आफ्नो के छ र तपाईंसँग बैंकमा कति पैसा छ।



मानव सेवा विभाग (Department of Human Services - DHS) को वेबसाईटमा तपाईं अधिक जानकारी पाउन सक्नुहुन्छ। [www.humanservices.gov.au](http://www.humanservices.gov.au)

## माध्यमिक स्कूल सकाउँदा




यदि तपाईं १८ वर्ष भन्दा माथि हुनुहुन्छ भने तपाईंले माध्यमिक विद्यालय समाप्त गर्न सक्नुहुनेछ।





माध्यमिक विद्यालयलाई अष्ट्रेलियामा प्रायः हाई स्कूल भनिन्छ।




तपाईं एक प्राविधिक र अतिरिक्त शिक्षा (Technical and Further Education - TAFE) कलेजमा पढ्न सक्नुहुन्छ।




तपाईं सर्टिफिकेट IV प्राप्त गर्न सक्नुहुन्छ।




सर्टिफिकेट IV माध्यमिक विद्यालय स्तर शिक्षाको बराबर हुन्छ।

## सीप वा व्यापार सिक्ने



केही कामहरूमा तपाईंले निश्चित सीपहरु सिक्न आवश्यक छ।

यस्लाई ब्यवसाय अथात ट्रेडस् भनिन्छ।



ट्रेडहरूमा निम्म समावेश छन्:

- सिकर्मी



- प्लम्बिंग



- हजामी (हेरड्रेसिंग)



- परिदृश्य बागवानी



- व्यवसायमा काम गर्ने




- पर्यटन



- आतिथ्य (हस्पिटालिटी)





तपाईं व्यावसायिक शिक्षा र प्रशिक्षण (Vocational Education and Training - VET) मार्फत ब्यवसाय लागि आवश्यक सीपहरू सिक्न सक्नुहुन्छ।




तपाईं TAFE कलेजहरूमा VET गर्न सक्नुहुन्छ।




तपाईंसँग एक माध्यमिक विद्यालय सकाएको प्रमाणपत्र चाहिन्छ।



तपाईंले शुल्क तिर्न आवश्यक हुन्छ:

- कक्षामा जान



- आवश्यक पुस्तकहरूका लागि

## एप्रेन्टिसशीपहरू (सिकारु प्रशिक्षण)



तपाईं एक एप्रेन्टिसशीपहरू (सिकारु प्रशिक्षण) को माध्यमबाट व्यवसाय सिक्न सक्नुहुन्छ।



एप्रेन्टिसशीपहरू (सिकारु प्रशिक्षण) मा निम्न समावेश छन्:

- जागिर काम गर्दै
- त्यस काम गर्न आवश्यक सीपहरुको लागि प्रशिक्षण



यदि तपाईंसँग सही सीपहरू छन् भने तपाईं एप्रेन्टिसशीप शुरू गर्न सक्नुहुनेछ।



जब तपाई आफ्नो एप्रेन्टिसशीप समाप्त गर्नुहुन्छ तपाईसँग अष्ट्रेलियाभर मान्यता प्राप्त योग्यता पाउनु हुनेछ।



एप्रेन्टिसशीपले तपाईंलाई सिक्दै गर्दा पैसा कमाउन दिन्छ।




तपाईंले प्रशिक्षणको लागि जाने कक्षाहरूको शुल्क तिर्न आवश्यक छ। शुल्क फरक ठाउँहरूमा फरक हुनेछ।




तपाई जान सक्ने TAFE कलेजहरूको बारेमा थप जानकारी आफ्नो केसवर्कर केसवर्कर वा प्रस्तावकबाट प्राप्त गर्न सक्नुहुन्छ।

## विश्वविद्यालय जाने




अष्ट्रेलियामा विभिन्न प्रकारका विश्वविद्यालयहरू छन्:

- सार्वजनिक
- निजी



तपाईं विश्वविद्यालयमा जान सक्नुहुन्छ:

- एक स्नातक विद्यार्थी भएर
- एक स्नातकोत्तर विद्यार्थी भएर

## स्नातक विद्यार्थीहरू




स्नातक विद्यार्थीहरू ति विद्यार्थी हुन् जो पहिलो पटक विश्वविद्यालयमा जाँदैछन्।




विश्वविद्यालयहरूमा यस्ता प्रावधानहरू छन्:

- सब्सिडाईज (आर्थिक सहायता-प्राप्त) ठाउँहरू – सरकारले खर्च तिर्न मद्दत गर्दछ




- पुरा शुल्क तिरेका ठाउँहरू – विद्यार्थीले सबै खर्च भुक्तानी गर्दछ




पाठ्यक्रम अनुसार विश्वविद्यालयहरूलाई नयाँ विद्यार्थीहरू निम्न सत्रहरूमा शुरू गर्न दिन्छन्:

- जनवरी/फेब्रुअरी
- जुलाई/अगस्ट




केही विश्वविद्यालयहरूमा पनि ग्रीष्म सत्र (समर कोर्श) पनि चलाउछन् ।



विश्वविद्यालयमा भर्ना हुन तपाईंलाई निम्न कुरा पुरा गर्न आवश्यक हुन सक्छ:

- जाँच वा परीक्षामा बस्ने




- तपाईंको अंग्रेजी कति राम्रो छ भनेर देखाउने



- तपाईंले पहिले गर्नुभएको अध्ययनलाई प्रमाणित गर्ने



- तर्सरी ब्रिजिंग कोर्श गर्न – यसले तपाईंलाई विश्वविद्यालयको अध्ययनका लागि तयार हुन मद्दत गर्न




अष्ट्रेलियाको विश्वविद्यालयमा पढ्न धेरै पैसा लाग्छ ।




उच्च शिक्षा ऋण कार्यक्रम (Higher Education Loan Program - HELP) ले तपाईंलाई खर्चमा सहयोग गर्न सक्छ।



यदि तपाईं HELP को प्रयोग गर्नुहुन्छ भने, तपाईंले अध्ययन समाप्त भएपछि भुक्तानी गर्नुहुन्छ – जब तपाईं काम गर्नु हुन्छ र पर्याप्त पैसा कमाउँदै हुनुहुन्छ।



स्तडीअसिस्त (StudyAssist) वेबसाइट मा HELP को बारेमा अधिक जानकारी पाउन सक्नुहुन्छ।
www.studyassist.gov.au

## स्नातकोत्तर विद्यार्थीहरू



स्नातकोत्तर विद्यार्थीहरू स्नातक भएपछि विश्वविद्यालयमा थप अध्ययन गर्नका लागि फर्किन्छन् – डिग्री पाईसकेपछि।




यदि तपाईंले विदेशमा स्नातक गर्नुभयो भने, विश्वविद्यालयले तपाईंको योग्यता जाँच गर्नेछ।

शिक्षा र प्रशिक्षण विभाग ले तपाईंको डिग्री कसरी अष्ट्रेलियामा पहिचान गरिन्छ भन्ने बारे जानकारी दिन्छ।



शिक्षा र प्रशिक्षण विभाग को वेबसाईटमा 'योग्यता पहिचान' (‘Qualifications recognition’) खोज्नु भयो भने तपाईं थप जानकारी पाउन सक्नुहुन्छ। [www.internationaleducation.gov.au](http://www.internationaleducation.gov.au)



अष्ट्रेलियन स्तरहको योग्यता प्राप्त गर्न मद्दत गर्न तपाईंले एक ब्रिजिंग कोर्स गर्न सक्नुहुनेछ।

## थप कक्षा र पाठ्यक्रमहरूमा जाँदै



तपाईंले आफ्नो समुदायमा आफुले सिक्नु रुचि भएको बिषयहरूको बारेमा पाठ्यक्रमहरू र कक्षाहरू फेला पार्न सक्नुहुन्छ।




तपाईं त्यसलाई निम्न ठाउँबाट गर्न सक्नुहुन्छ:

- विद्यालयहरू




- सामुदायिक कलेजहरू




- TAFEs




- विश्वविद्यालयहरू



यस अन्तर्गत पर्ने सक्ने बिषयहरू:


- खाना पकाउने




- अंग्रेजी वा अन्य भाषाहरू



- नृत्य



- फोटोग्राफी



- कम्प्यूटर चलाउने सीपहरू



- बुककिपिंग – आफ्नो पैसाको व्यवस्थापन



- स्वास्थ्य र भलाई



- उपयोगी रोजगारी सीपहरू




यी पाठ्यक्रम (कोर्श) हरूले तपाईंलाई औपचारिक योग्यता दिँदैन ।



तपाईं यी पाठ्यक्रमहरू निम्न प्रकारले गर्न सक्नुहुन्छ:

- कार्यलयको समय पछि




- साताअन्तमा



केहि आप्रवासी संसाधन केन्द्र तथा सेवा एजेन्सीहरूले पनि यी पाठ्यक्रमहरू सञ्चालन गर्छन्।

## सम्पूर्ण परिवारको लागि शिक्षा



स्थानीय सार्वजनिक पुस्तकालयहरू जानकारी प्राप्त गर्ने राम्रो स्थानहरू हो।



पुस्तकालयमा सामेल हुन तपाईंलाई शुल्क लग्दैन।



तपाईंले निम्न चिजहरू सापटी लिन सक्नुहुन्छ:


- किताबहरू



- पत्रिकाहरू




- भिडियोहरू र डीभिडीहरू



- सीडी



प्रायः पुस्तकालयहरूमा:


- तपाईंले प्रयोग गर्न सक्ने कम्प्यूटरहरू हुन्छन्
- नि: शुल्क इन्टरनेट चलाउन पाईन्छ



तपाईं छोटो समयको लागि मात्र कम्प्युटर प्रयोग गर्न सक्नुहुनेछ।




कम्प्युटर प्रयोग गर्न तपाईंले समय बुक गर्न आवश्यक पर्दछ।




पुस्तकालयको नियमहरू पालना गर्नु जरूरी छ।




तपाईंले सापटी लिएका चीजहरू समयमा फर्काउन आवश्यक छ।

यदि तपाईंले समयमै चीजहरू फर्काउनु भएन भने तपाईंलाई सानो जरिवाना तिर्न आग्रह गर्न सकिन्छ।

# केटाकेटीको हेरबिचार



यदि तपाईं निम्न कुराहरू गर्न चाहनुहुन्छ भने तपाईं बाल हेरविचार सेवाहरू प्रयोग गर्न सक्नुहुन्छ:

- काम गर्न
- अध्ययन गर्न
- तपाईंको कामको लागि प्रशिक्षणमा जान




तपाईंको केसवर्कर वा प्रस्तावकले तपाईंलाई बालबालिकाको हेरचाह स्थल पत्ता लगाउन मद्दत पुर्याउन सक्छ।



माईचाईल्ड (MyChild) वेबसाइटमा बाल हेरविचार र प्रारम्भिक शिक्षा सेवा बारे जानकारी पाउन सक्नुहुन्छ।
www.mychild.gov.au